# वीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

आदर्शनगर, वीरगंज, पर्सा
मधेश प्रदेश, नेपाल

प.स :-२०७९/०८०
च.न.- ११८८८

मिति :-२०८०/०२/३०

श्री सानो पाईला बचत तथा ऋण सहकारी संस्था लि.
आदर्शनगर, वीरगंज पर्सा

विषय :- प्रमाण सहित उपस्थिति सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा ताहाँ सहकारी संस्थाले बचत कर्ता सदस्यहरुको बचत रकम फिर्ता नगरेको, फिर्ता गर्न आलटाल गरेको भनि विभिन्न सदस्यहरुबाट विभिन्न मितिमा पर्न आएको निवेदनहरु उपर विचार गर्दा यस वीरगंज महानगरपालिकाको आर्थिक विकास (विषयगत) समितिका सदस्यज्यूहरु एवम् ताहाँ सहकारी संस्थाका सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरु बीच छलफल / अन्तरक्रिया गरी समस्या समाधानका उपाय खोज्नु पर्ने भएकोले च.नं.१०७८२ मिति २०८०/०२/०९ र च.नं.११३९० मिति २०८०/०२/२१ गतेमा पठाईएको पत्र बमोजिमको उपस्थिति नभएको तथा यस कार्यालयबाट खटिएको अनुगमन टोलीको प्रतिवेदन बमोजिम बचतकर्ता सदस्यहरुको बचत फिर्ता नगरेकोले वीरगंज महानगरपालिकाको सहकारी ऐन, २०७४ को दफा ७७ (१) बमोजिम समस्याग्रस्त संस्था घोषणा किन नगर्ने ? नगर्ने उचित कारण भए प्रमाण सहित ७ (सात) दिन भित्र उपस्थित भई पेश गर्न हुन जानकारी गराईन्छ ।

२०८०।२।३०
लक्ष्मी प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ
श्रीमान नगर प्रमुख ज्यूको सचिवालय - जानकारीको लागि ।
वी.म.न.पा.का.
श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू - जानकारीको लागि ।
जिल्ला प्रशासन कार्यालय, पर्सा
श्रीमान उप प्रमुख ज्यूको सचिवालय - जानकारीको लागि ।
वी.म.न.पा.का.